# रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उपप्रमुख)
०४८-४००११६ (प्र.प्र.अधिकृत)
०४८-४०००१२ (प्रशासन)


प.सं.: २०८३/०८४
च.नं.: ४४४

मिति: २०८३।०६।२८

**विषयः रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिहरूको आधिकारिकता विवरण एकिन गर्ने सम्बन्धमा।**

श्री वडा कार्यालय (सबै),
रामेछाप नगरपालिका ।

जिल्ला प्रशासन कार्यालयको प.सं.०८३।०८४, च.नं ८२३, मिति २०८३।०६।२७ गतेको प्राप्त पत्रानुसार मिति २०८३/०५/१० गते रसुवा जिल्लाको भोटेकोशी क्षेत्रमा आएको बाढीमा परी बेपत्ता भएका व्यक्तिहरूको सम्वन्धमा नेपाल सरकारबाट जारी भएको "रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण एकिन गर्ने प्रक्रिया, २०८३" बमोजिम बेपत्ता व्यक्तिहरूको आधिकारिकता एकिन गरी मृत्यु घोषणा गर्ने प्रयोजनका लागि विवरण संकलन तथा आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्ने भएकाले रामेछाप नगरपालिका क्षेत्रभित्रका सम्बन्धित बेपत्ता व्यक्तिका परिवार, नजिकका हकदार तथा सरोकारवालाहरूलाई यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र देहायबमोजिमका कागजातसहित वडा कार्यालयमा उपस्थित भई विवरण पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै जिल्ला प्रशासन कार्यालयको पत्र र आवश्यक कागजात यसै साथ संलग्न छ ।

**आवश्यक कागजात तथा विवरणहरूः**

१.बेपत्ता व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वां परिचय खुल्ने अन्य कागजात।
२. वेपत्ता व्यक्तिसँगको नाता सम्वन्ध खुल्ने प्रमाणपत्र वा कागजात।
३. बेपत्ता भएको घटनासँग सम्बन्धित प्रहरी प्रतिवेदन, घटनास्थलको विवरण वा उपलब्ध अन्य प्रमाण।
४. बेपत्ता व्यक्तिको स्थायी ठेगाना, परिवारका सदस्यहरूको विवरण तथा सम्पर्क नम्बर।
५. सम्वन्धित निकायबाट उपलब्ध गराइएको अन्य प्रमाण वा कागजात।

**नोटः** तोकिएको समयभित्र विवरण तथा आवश्यक कागजात पेस गरी प्रक्रिया पूरा गर्न सम्बन्धित सवैमा अनुरोध छ। प्राप्त विवरण प्रचलित कानुन तथा सम्बन्धित कार्यविधिबमोजिम आवश्यक छानबिन र निर्णयका लागि सम्वन्धित निकायमा पठाइनेछ।

६/२८

(सुन्दर थापा)
वरिष्ठ शाखा अधिकृत

सुन्दर थापा
वरिष्ठ शाखा अधिकृत